# प्रेस काउन्सिल गोपालदास पत्रकारिता पुरस्कार कोषको विनियमावली, २०५६

प्रस्तावना :

नेपालको पत्रकारिता क्षेत्रमा आजिवन समर्पित भएर पत्रकारिताको संस्थागत विकास र प्रतिष्ठाको निम्ति अद्धितीय योगदान दिनु भएका नेपाली पत्रकारिताको इतिहासका उज्ज्वल नक्षेत्र प्रेस काउन्सिलका अध्यक्ष स्व.श्री गोपालदास श्रोष्ठको योगदानलाई चिरस्मरणीय बनाउन र उहाँको स्मृतिमा एउटा अक्षय कोषको स्थापना गरेर त्यसबाट पत्रकारिता क्षेत्रमा उल्लेखनीय योगदान दिने महानुभावलाई नगद पुरस्कार समेत दिन सकियोस भन्ने उद्देश्यले प्रेस काउन्सिल पत्रकारिता पुरस्कार लाई प्रेस काउन्सिल गोपालदास पत्रकारिता पुरस्कार नामाकरण गरी एउटा अक्षय कोषको स्थापना गर्न प्रेस काउन्सिल गोपालदास पत्रकारिता पुरस्कार कोषको विनियमावली, २०५६ तर्जुमा गरिएको छ ।

परिच्छेद- १

प्रारभ्भिक कथन

प्रेस काउन्सिल ऐन, २०४८ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी प्रेस काउन्सिलले नेपाल सरकारको स्वीकृत लिई प्रेस काउन्सिल गोपालदास पत्रकारिता पुरस्कार कोषको विनियमावली, २०५६ बनाई लागू गरेको छ ।

१. संक्षिप्त नाम र प्रारभ्भः (१) यस विनियमावलीको नाम प्रेस काउन्सिल गोपालदास पत्रकारिता पुरस्कार अक्षय कोषको विनियमावली, २०५६ रहेको छ ।

(२) यो विनियमावली मिति २०५६।१०।६ देखि प्रारम्भ भएको मानिने छ ।

२. परिभाषा : विषय वा प्रसङ्ले अर्को अर्थ नलागेमा यस विनियमावलीमा,

(१) कोष भन्नाले विनियम ५ बमोजिम स्थापना भएको प्रेस काउन्सिल गोपालदास पत्रकारिता पुरस्कार कोष भन्ने सम्झनु पर्छ ।

(२) सदस्य भन्नाले प्रेस काउन्सिल गोपालदास पत्रकारिता पुरस्कार समितिको सदस्य भन्ने सम्झनु पर्छ र सो शब्दले कोषको अध्यक्ष र सदस्य सचिव समेतलाई जनाउँदछ ।

(३) समिति भन्नाले प्रेस काउन्सिल गोपालदास पत्रकारिता पुरस्कार समिति भन्ने बुझ्नु पर्दछ ।

३. कोषको कार्यालय र छाप : (१) कोषको कार्यालय प्रेस काउन्सिलको सचिवालय काठमाण्डौमा रहनेछ ।

(२) प्रेस काउन्सिल गोपालदास पत्रकारिता पुरस्कार कोष, २०५६ उल्लेख भएको कोषको छुट्टै छाप रहनेछ ।

४. कोषको उद्देश्य तथा लक्ष्य: कोषको उद्देश्य निम्न बमोजिम हुनेछ,

(१) नेपाली पत्रकारिता जगतका मूर्धन्य व्यक्तित्व स्व. गोपालदास श्रेष्ठको योगदानलाई चिरस्मरणीय बनाउँने ।

(२) मर्यादित र पेशागत पत्रकारिताको विकास गर्न नेपाली पत्रकारहरुलाई प्रोत्साहित गर्नु ।

(३) प्रेस काउन्सिल पत्रकारिता पुरस्कारलाई प्रेस काउन्सिल गोपालदास पत्रकारिता पुरस्कारका रुपमा निरन्तरता दिनु ।

५. प्रेस काउन्सिल गोपालदास पत्रकारिता पुरस्कार कोषको स्थापना:

(१) मूर्धन्य पत्रकार गोपालदास श्रेष्ठको स्मृतिमा कोष खडा गरी स्वस्थ्य पत्रकारिताको विकासमा समर्पित पत्रकारलाई कोषको व्याज रकमबाट प्रत्येक वर्ष पुरस्कृत गर्नको लागि प्रेस काउन्सिल गोपालदास पत्रकारिता पुरस्कार अक्षयकोषको स्थापना हुनेछ ।

(२) कोषको नाममा मुद्दती खातामा एक पटक रकम जम्मा भई सके पछि त्यसको व्याज रकम बाहेकको रकम पुरै वा त्यसको कुनै पनि अंश सञ्चालक समिति वा अरु कसैको निर्णयबाट झिक्न र खर्च गर्न पाईने छैन । यसरी कोषमा रकम थप्न मात्र सकिनेछ ।

(३) कोषको रकम कुनै बैंक वा वित्तिय संस्था वा सबभन्दा लामो अवधिको मुद्दति खाता खोली जम्मा गरीनेछ र त्यसको व्याज रकम प्रत्येक वर्ष त्यसै बैंक वा वित्तिय संस्थामा छुट्टै बचत खाता खोली जम्मा गर्ने व्यवस्था मिलाइने छ ।

(४) कोषको समितिको बैठकले जुन बैंकमा मुद्दती खाता खोलीएको छ सो बैंकमा पैसा जम्मा गरी राख्न उपयुक्त छैन भन्ने सर्वसम्मतिबाट निर्णय गरेमा सो रकम अर्को बैंकमा मुद्दती खातामा जम्मा गर्न कोषको रकम खर्च गर्न नपाइने व्यवस्थाले बाधा पुर्‍याएको मानिने छैन ।

(५) पुरस्कार दिनको निम्ति र कोषको वा अन्तरगत गठित समितिको बैठकमा भत्ता दिनको निम्ति एवं अरु प्रयोजनाको निम्ति कोषको व्याज रकम जम्मा गरी

खोलिएको वा सोही प्रयोजनको निम्ति खोलिएको बचत खाताबाट मात्र खर्च गर्न पाइने छ ।

(६) कोषको नाममा खोलिने खाता कोषको सदस्य सचिव र प्रेस काउन्सिलका लेखा अधिकृत समेतको संयुक्त दस्तखतबाट खोलिने छ ।

६. कोषको आम्दानी : कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :

(१) काउन्सिलले राखेको नगद एकमुष्ट रु.५,००,०००।- (पाँचलाख ) ।

(२) नेपाल सरकारले दिने रकम ।

(३) अन्य संघ संस्था तथा व्यक्तिले कोषलाई दिने रकम ।

७. कोषको गठन :

(१) प्रेस काउन्सिल गोपालदास पत्रकारिता पुरस्कार अक्षय कोष समितिको गठन देहाय बमोजिम हुनेछ,

| | | |
|---|---|---|
| (१) | प्रेस काउन्सिल नेपालको अध्यक्ष | अध्यक्ष |
| (२) | प्रेस काउन्सिल नेपालको सदस्य सचिव | सदस्य |
| (३) | नेपाल पत्रकार महासंघको सभापति | सदस्य |
| (४) | प्रेस काउन्सिलका सदस्यहरु मध्येबाट काउन्सिलले तोकेको एकजना | सदस्य |
| (५) | पत्रकारिता क्षेत्रमा विशिष्ट योगदान गर्नु भएका व्यक्तित्व मध्येबाट काउन्सिलले मनोनयन गरेको व्याक्ति एक जना | सदस्य |
| (६) | प्रेस काउन्सिल नेपालका प्रशासकीय प्रमुख | सदस्य |

(२) प्रेस काउन्सिलको सदस्य सचिव कोषको सदस्य सचिव हुनेछ ।

(३) कोषको स्थापना भई सके पछि कुनै व्यक्ति वा संस्थाले कोषमा एक लाख वा सो भन्दा बढी रकम जम्मा गरेमा सो व्यक्ति वा संस्थगाको प्रमुख समितिको सदस्य समेत हुनेछ ।

८. कोषको काम कर्तव्य र अधिकार : कोषको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) अक्षय कोष संरक्षण र संम्वर्द्धन गर्ने ।

(२) अक्षय कोषबाट प्राप्त हुने व्याज रकमबाट प्रत्येक वर्ष सामान्यतः एक जना पत्रकार वा पत्रकारितासंग सम्बद्ध संस्थालाई प्रेस काउन्सिल गोपालदास पत्रकारिता पुरस्कार प्रदान गर्ने ।

९. कोषको बैठक र निर्णय :

(१) कोषको बैठकमा कोषका सदस्यको ५१ प्रतिशत पदाधिकारी वा सदस्यको संख्यालाई गणपुरक संख्याको रुपमा लिइनेछ ।

(२) कोषको बैठकले पुरस्कार दिने प्रयोजनको निम्ति सिफारिश समितिद्धारा प्रस्तावित पत्रकार वा संस्थाको छनौट गर्ने निर्णयलाई काउसिन्सलको बहुमतबाट अनुमोदन गर्नु पर्नेछ ।

(३) कोषको अन्य निर्णयहरु बैठकमा उपस्थित सदस्यको साधारण बहुमतबाट हुन सक्नेछ ।

१०. कोषको कार्य सञ्चालन खर्च :

(१) कोषको मुद्दती खातामा जम्मा भएको रकमको व्याजबाट छुट्टै बचत खाता खोली त्यसमा भएको रकम र त्यस खातामा अरु स्रोतबाट जम्मा भएको रकमबाट कोषको कार्य सञ्चालनको निम्ति खर्च गर्न सकिनेछ ।

(२) मुद्दती खातामा जम्मा भएको रकमबाट प्राप्त हुने वार्षिक व्याजको कुल राशीको घटीमा ८० प्रतिशत रकम प्रत्येक वर्ष पुरस्कार स्वरुप पत्रकारितामा विशिष्ट योगदान दिने एक जना वा नेपाली पत्रका वा पत्रकारितासंग सम्बद्ध संस्थालाई उपलब्ध गराउनु पर्नेछ ।

(३) कोषको मुद्दती खातामा जम्मा भएको रकमबाट प्राप्त व्याजको बाँकी २० प्रतिशत र अरु स्रोतबाट बचत खातामा जम्मा भएको रकमबाट बैठक भत्ता समेतको रकम भैपरीआउने काममा खर्च गर्न पाइनेछ ।

११. सिफारिश समितिको गठन :

(१) कोषले पुरस्कृत गर्ने पत्रकारको छनौट गर्ने प्रयोजनको निमित्त सम्बन्धित क्षेत्रको अनुभव र ख्याती आर्जन गरेका बढीमा ३ जना सम्मको सिफारिश समिति गठन गर्न सक्नेछ ।

(२) उक्त अनुसारको गठित सिफारिश समितिले पत्रकारिता क्षेत्रमा उल्लेखनीय योगदान दिएका ३ जना व्यक्ति वा संस्थाहरुको नाम, उनीहरुले दिएको योगदान समेत उल्लेख गरेर पुरस्कारको निम्ति सिफारिश गर्नेछ ।

१२. लेखा परीक्षण : कोषले आफ्नो आर्थिक कारोवारको लेखा परीक्षण वर्षको एक पटक मान्यता प्राप्त लेखा परीक्षकद्धारा गराउने छ ।

१३. कोषको विनियम संशोधन : विनियम ५ मा उल्लेखित प्रावधानलाई असर नपार्ने गरी र सो को उद्देश्य विपरित नहुने गरी प्रेस काउन्सिलको सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतको निर्णयबाट यो विनियमावली संशोधन गर्न सकिने छ । तर, यस विनियमावलीको संशोधन कुनै किसिमबाट पनि गर्न सकिने छैन ।